# ईश्वरपुर नगरपालिका, सर्लाहीद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १ ईश्वरपुर पौष २३ गते, २०७४ साल (अतिरिक्ताङ्क १

भाग २

ईश्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय ईश्वरपुर, सर्लाही

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिमको ईश्वरपुर नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७४ सालको ऐन नं. १

# ईश्वरपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक ऐन, २०७४

प्रस्तावनाः ईश्वरपुर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ईश्वरपुर नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल माघ १ गतेदेखि ईश्वरपुर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र बक्यौता रकम समेत असूल उपर गरिनेछ।

३. **एकीकृत सम्पतीकर र घर जग्गा कर** : नगरपालिका क्षेत्रभित्र एकीकृत सम्पति कर लागू नभएसम्मको लागि अनुसूची (२) बमोजिम घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ।

४. **वहाल/बिटौरी कर** : (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (घ) बमोजिम वहाल कर लगाइने र असूल उपर गरिनेछ।





(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार, पसल वा सरकारी जग्गामा बनेका संचरनाहरुको उपयोग वापत अनुसूची (४) बमोजिम वहाल/बिटौरी कर लगाइने र असूल उपर गरिनेछ।

५. **सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमेजिम सवारी साधन कर लगाईने र पटके सवारीको हकमा समेत सोही अनुसूची बमोजिम असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

६. **व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (७) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

८. **विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरन्जन कर** : नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (९) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको

अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ढुङ्गा, गिट्टी, वालुवा निकासी लगायतका प्राकृतिक स्रोत निकासी शुल्क** : साविक जिल्ला विकास समिति, सर्लाही मार्फत लगाइदै आएको यस नगर क्षेत्रिभित्रका खोला, नदीहरुबाट ढुङ्गा, गिट्टी, वालुवा लगायतका प्राकृतिक स्रोत निकासी शुल्क अवदेखि नगरपालिकाबाट अनुसूची (१२) अनुसार लिइनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **जग्गा प्लटिङ्ग** : नगरपालिकाले कानूनले तोके बमोजिमको प्रकृया पुरा गरी जग्गा प्लटिङ्ग गर्नेहरुसँग अनुसूची (१३) बमोजिम शुल्क असूल उपर गरिनेछ ।

१४. **घर नक्सा पास** : कानून बमोजिम नगरपालिका क्षेत्र भित्र नक्सा पास गर्दा तथा पुरानो घर संरचनाहरुको अभिलेखिकरण गर्दा अनुसूची (१४) बमोजिम दस्तुर असूल उपर गरिनेछ । नियम विपरित वा बिना स्वीकृती भवन संरचना बनाउनेहरुलाई सोही अनुसूची बमोजिम जरिवाना गरिनेछ ।

१५. **सरसफाई शुल्क** : नगरपालिका क्षेत्रभित्र सरसफाई सेवा उपलब्ध गराए वापत अनुसूची (१५) बमोजिम शुल्क असूल उपर गरिनेछ ।





१६. **भाडा दस्तुर** : नगरपालिकाको ट्रयाक्टर, व्याक हो लोडर, मल्टी मिडिया आदिको भाडा र  अन्य सेवाहरुको भाडा दर अनुसूची (१६) बमोजिम हुनेछ ।

१७. **दण्ड जरिवाना** : नगरपालिकाको निर्णय र कानूनको उल्लङ्घन गर्ने व्यक्ती वा संस्थालाई अनुसूची (१७) बमोजिम दण्ड जरिवाना गरिनेछ ।

१८. **राजश्व बाँडफाँड** : नेपालको संविधान, संघीय तथा प्रदेश कानून र केन्द्र तथा प्रदेश सरकारको निर्देशन बमोजिम संकलित रकमको बाँडफाँड गरिनेछ ।

१९. **अन्य कर तथा सेवा शुल्क** :  माथि उल्लेख नभएका अन्य कर, शुल्क र दस्तुर सम्बन्धमा अनुसूची (१८) बमोजिम हुनेछ ।

२०. **बजार तथा अन्य ठेक्काहरुको न्यूनतम दर रेट** : नगरपालिकको आन्तरिक आय स्रोत जुटाउनको लागि नगर क्षेत्रभित्रका हाट बजार तथा अन्य ठेक्काहरु अनुसूची (१९) अनुसार न्यूनत्तम अङ्क तोकी ठेक्का व्यवस्थापन गरिनेछ ।

२१. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । कर छुट दिनै पर्ने अवस्था सृजना भएमा नगर कार्यपालिकाको सिफारिसमा नगर सभाको निर्णय अनुसार हुनेछ ।

२२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## भूमी कर (मालपोत)

| गाँउ ब्लक भित्रको जग्गाको लागि | | | | |
|---|---|---|---|---|
| ईकाई | खण्ड क | खण्ड ख | खण्ड ग | खण्ड घ |
| प्रति वर्ग मिटर रु. | १।२५ | १।०० | ०.७५ | ०.५० |
| **डेढ विगहा वा सो भन्दा कम जग्गा हुने जग्गावालाको लागि** | | | | |
| इकाई | अवल | दोयम | सिम | चाहार |
| प्रतिकट्ठा रु. | ५।०० | ४।०० | ३।०० | २।०० |
| **डेढ विगहादेखि तीन विगहासम्म जग्गा हुने जग्गावालाको लागि** | | | | |
| इकाई | अवल | दोयम | सिम | चाहार |
| प्रतिकट्ठा रु. | ७।०० | ६।०० | ५।०० | ४।०० |
| **तीन विगहा भन्दा वढी जग्गा हुने जग्गावालाको लागि** | | | | |
| इकाई | अवल | दोयम | सिम | चाहार |
| प्रतिकट्ठा रु. | १०।०० | ९।०० | ८।०० | ७।०० |

नोट : एकीकत सम्पत्ती कर लाग भएपछि मालपोत नलाग्ने ।





अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

## एकीकृत सम्पती कर र घर जग्गा कर

| सि.न. | कारोवार | कर % | कैफियत |
|---|---|---|---|
| १ | १० लाख सम्म | नलाग्ने | |
| २ | त्यसपछिको रु. १० लाख सम्म | एकमुष्ट रु. ३००।०० | |
| ३ | त्यसपछिको रु.३० लाख सम्म | ०.०५ % | |
| ४ | त्यसपछिको रु. ५० लाख सम्म | ०.२५ % | |
| ५ | त्यसपछिको रु.१ करोड सम्म | ०.५ % | |
| ६ | त्यसपछिको बाँकी रकममा | १.५ % | |

नोट : एकीकृत सम्पत्ति कर आगामी आ.व. २०७५/०७६ देखी लागू हुनेछ, एकीकृत सम्पत्तिकर लागू भए पश्चात मालपोत तथा भूमि कर स्वतः रद्द हुनेछ ।

अनुसूची-३

(दफा ४.१ सँग सम्बन्धित)

## बहाल कर

नगरपालिका क्षेत्र भित्रका जग्गा तथा घरहरु वहालमा लगाएका धनीसँग वर्ष भरीको वहाल रकमको कार्यालय, संस्था र व्यापारिक प्रयोजनका लागि बहालमा दिएको भएमा सम्झौता बमोजिमको रकममा सयकडा १ (एक) प्रतिशतका दरले वहाल कर लिइनेछ। विदेश अध्ययन गर्न जाने विद्यार्थीको लागि आयश्रोत प्रमाणितको लागि ५० प्रतिशत छुट दिईनेछ। घर जग्गा वहालकर एकीकृत सम्पति कर, मालपोत वा आय श्रोत प्रमाणित दस्तुर दाखिला गर्न आउँदा बुझाउनु पर्नेछ।





अनुसूची-४

(दफा ४.२ सँग सम्बन्धित)

## बहाल/बिटौरी कर

| सि. नं. | विवरण | वार्षिक रकम रू. | मासिक रू. |
|---|---|---|---|
| १ | सडक क्षेत्र, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागि प्रति स्टल/कोठा/ठेला गाडी | ५,०००।०० | ५००।०० |
| २ | अस्थायी आवास प्रयोजनको लागि प्रति घरधुरी | २००।०० | २५।०० |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागि वडा नं. ३, ४, ५, ६ र ७ को लागी प्रति कट्ठा | ५०।०० | - |
| ४ | कृषि तथा अन्य प्रयोजनको लागि बाँकी वडाहरुमा प्रति कट्ठा | २५।०० | - |
| ५ | बजारमा अस्थाई घुम्ती वा स्टल / गाडीमा राखी सेवा प्रदान गर्नेलाई दैनिक रू. २००।०० | | |

अनुसूची-५

(दफा ५ सँग सम्बन्धित)

| सवारी साधन कर | | |
|---|---|---|
| सि.न. | सवारीको प्रकार | करको दर |
| १ | वस, ट्रक, लहरी | रु. १,०००।०० |
| २ | भाडाका कार, जिप, माइक्रो वस | रु. ३००।०० |
| ३ | निजि कार, टेम्पो, | रु. २००।०० |
| ४ | मिनिवस/मिनिट्रक/ट्रयाक्टर | रु. ५००।०० |
| ५ | स्कुटर, मोटर साईकल, आदि | रु. १००।०० |
| ६ | पावर टेलर | रु. १५०।०० |
| ७ | विद्युतिय रिक्सा | रु. १,०००।०० |
| ८ | ठेला गाडा, रिक्सा | रु. १००।०० |
| ९ | एक्जाभेटर/डोजर/ट्रिपर | रु. २,०००।०० |
| पटके सवारी कर | | |
| १ | विदेशी टेलर, लहरी | ५००।०० |
| २ | विदेशी बस, ट्रक | ३००।०० |
| ३ | विदेशी मिनि बस / मिनिट्रक | १५०।०० |
| ४ | विदेशी जिप/कार | १००।०० |
| ५ | बस/ट्रक/मिनि बस/ मिनिट्रक/ट्रयाक्टर | २०।०० |
| ६ | जिप/कार/पावर टेलर/विद्युतिय रिक्सा | १०।०० |
| ७ | ठेला गाडा/रिक्सा | ५।०० |





अनुसूची-६

(दफा ६ सँग सम्बन्धित)

**व्यवसाय कर**

| सि.नं. | विवरण | करका दरहरु |
|---|---|---|
| | **व्यापारिक बस्तु :** | |
| **१** | **मदिरा पसल** | |
| | रक्सी, वियरको डिस्ट्रिब्युटर्स | ७,०००।०० |
| | रक्सी, वियरको थोक पसल | ५,०००।०० |
| | रक्सी, वियरको खुद्रा बिक्री पसल | ३,०००।०० |
| **२** | **सुर्ती जन्य (धुम्रपान पसल)** | |
| | चुरोट, विडी, सुर्तीजन्य पदार्थको डिलर पसल | ४,०००।०० |
| | चुरोट, विडी, सुर्तीजन्य पदार्थको थोक पसल | २,५००।०० |
| | चुरोट, विडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | १,०००।०० |
| **३** | **हल्का पेय पदार्थ पसल** | |
| | हल्का पेय पदार्थको डिलर | ४,०००।०० |
| | हल्का पेय पदार्थको खुद्रा पसल | १,५००।०० |
| **४** | **सुन चाँदी पसल** | |
| | सुन चाँदी पसल श्रेणी क | ५,०००।०० |
| | सुन चाँदी पसल श्रेणी ख | ३,०००।०० |
| | सुन चाँदी पसल श्रेणी ग | १,५००।०० |
| **५** | **औषधी व्यवसाय** | |
| | औषधी सुपर डिस्ट्रिब्युटर्स | ५,०००।०० |
| | औषधी थोक तथा डिस्ट्रिब्युटर्स | ४,०००।०० |
| | औषधी खुद्रा पसल (डक्टर भएको) | ३,०००।०० |
| | औषधी खुद्रा पसल (डक्टर नभएको) | २,०००।०० |
| **६** | **आयुर्वेदिक औषधी पसल** | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल | ३,०००।०० |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा | २,०००।०० |
| | एग्रोभेट थोक पसल | ५,०००।०० |
| | एग्रोभेट खुद्रा पसल | २,०००।०० |
| **७** | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक डिस्ट्रिब्युटर्स | ५,०००।०० |
| | स्टेशनरी तथा पुस्तक थोक | ३,५००।०० |

| | | |
|---|---|---|
| | स्टेशनरी तथा पुस्तक खुद्रा | २,०००।०० |
| | मुद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ५,०००।०० |
| ८ | **डिपार्टमेन्टल पसल** | |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी क | ५,०००।०० |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी ख | ४,०००।०० |
| ९ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक थोक पसल श्रेणी क | २,०००।०० |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ख | १,५००।०० |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ग | १,०००।०० |
| १० | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| | मोटर पार्टस सामान विक्री श्रेणी क | ५,०००।०० |
| | मोटर पार्टस सामान विक्री श्रेणी ख | ४,०००।०० |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी क | ५,०००।०० |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी ख | ४,०००।०० |
| ११ | **लुब्रिकेसन सेक्सन तर्फ (आयल निगम)** | |
| | लुब्रिकेसन थोक पसल | ५,०००।०० |
| | लुब्रिकेसन खुद्रा पसल | ३,०००।०० |
| १२ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस थोक पसल | ४,५००।०० |
| | प्लाई तथा ग्लास हाउस खुद्रा पसल | ३,५००।०० |
| १३ | **कपडा तथा फेन्सी पसल** | |
| | कपडा, फेन्सी तथा व्याग थोक पसल | ३,५००।०० |
| | कपडा, फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी क | ३,०००।०० |
| | कपडा, फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी ख | २,५००।०० |
| १४ | **धागो टांक फस्नर थोक पसल** | |
| | धागो, टांक, फस्नर थोक पसल | २,०००।०० |
| | धागो, टांक, फस्नर खुद्रा पसल | १,५००।०० |
| १५ | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | मोवाइल कम्पनी सेलफ उपशाखा, डिस्ट्रिव्युटर्स | ५,०००।०० |
| | इलेक्ट्रोनिक थोक पसल | ३,०००।०० |
| | इलेक्ट्रोनिक खुद्रा पसल श्रेणी क | २,०००।०० |
| | इलेक्ट्रोनिक खुद्रा पसल श्रेणी ख | १,५००।०० |
| | रेडियो, घडी, क्याल्कुलेटरमात्र बिक्री पसल | १,२००।०० |
| | अडियो, भिडियो क्यासेट तथा मोवाईल पसल | १,०००।०० |





| | | |
|---|---|---|
| १६ | **विद्युत सामाग्री पसल** | |
| | विद्युत सामाग्री थोक पसल | ३,५००।०० |
| | विद्युत सामाग्री खुद्रा पसल | २,०००।०० |
| १७ | **हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | |
| | थोक पसल | ५,०००।०० |
| | खुद्रा पसल श्रेणी क | ४,०००।०० |
| | खुद्रा पसल श्रेणी ख | ३,०००।०० |
| १८ | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | ५,०००।०० |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ३,५००।०० |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | २,०००।०० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | १,५००।०० |
| | ग्यांस सिलिण्डर डिलर सव डिलर | २,५००।०० |
| १९ | **स्टील, आल्मुनियमको पसल** | |
| | स्टील, आल्मुनियमको थोक पसल | ३,५००।०० |
| | स्टील, आल्मुनियमको खुद्रा पसल | २,५००।०० |
| २० | **फर्निशर्स पसल** | |
| | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | ५,०००।०० |
| | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | ३,५००।०० |
| २१ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | |
| | बस, ट्रक, ट्याक्टर जिप, कारको डिलर | ७,५००।०० |
| | मोटर साइकल डिलर | ५,०००।०० |
| | मोटर साइकल अन्य सवारी साधनको डिलर (स्वदेशी उत्पादन) | २,०००।०० |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल | २,५००।०० |
| | रि कन्डिसन हाउस | २,५००।०० |
| २२ | **थोक तथा एजेन्सी** | |
| | टायर डिलर | ४,५००।०० |
| | पम्पिङ सेट, जेनेरेटर डिलर | ३,०००।०० |
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | २,५००।०० |
| २३ | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान्न सप्लायर्स | ५,०००।०० |
| | गल्ला थोक पसल | ४,०००।०० |
| | खाद्यान्न, किराना थोक पसल | ३,०००।०० |

| | | |
|---|---|---|
| | खाद्यान्न, किराना खुद्रा पसल | २,०००।०० |
| | भित्री सडकमा रहेका साना किराना पसल | १,५००।०० |
| | आलु, प्याज, लसुन, अदुवा थोक पसल | २,५००।०० |
| २४ | **फलफूल पसल** | |
| | फलफूल थोक पसल | २,०००।०० |
| | फलफूल खुद्रा पसल | १,५००।०० |
| २५ | **सागसब्जी पसल** | |
| | सागसब्जी थोक पसल | २,०००।०० |
| | सागसब्जी खुद्रा पसल | ७००।०० |
| २६ | **सुती मात्रको कपडा पसल (स्थानीय उत्पादन)** | |
| | सुती कपडा थोक पसल | १,०००।०० |
| | सुती कपडा खुद्रा पसल | ७००।०० |
| | ग्रामीण क्षेत्रका पसल श्रेणी क | ५००।०० |
| | ग्रामीण क्षेत्रका पसल श्रेणी ख | ३००।०० |
| **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा :** | | |
| १ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | २,५००।०० |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | २,०००।०० |
| | कबिराज | १,५००।०० |
| २ | **कन्सल्ट्यान्ट सेवा** | |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | ५,०००।०० |
| ३ | **कानून व्यवसायी** | |
| | ल फर्म तथा कानून परामर्श सेवा | २,०००।०० |
| ४ | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| | लेखा परीक्षण (सि.ए.) | २,५००।०० |
| | लेखा परीक्षण (दर्तावाल लेखा परीक्षक) | १,५००।०० |
| ५ | **दन्त चिकित्सा सेवा** | |
| | डेन्टल होम सेवा | २,५००।०० |
| | दन्त चिकित्सा सेवा | १,५००।०० |
| ६ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | अनुसन्धानकर्ता | २,०००।०० |
| | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | १,५००।०० |
| | विमा एजेन्ट | १,५००।०० |
| | सर्भेयर | १,५००।०० |





| | | |
|---|---|---|
| | नोटरी पब्लिक अनुवादक | १,५००।०० |
| | पशु चिकित्सक | १,५००।०० |
| | शेयर दलाल | २,०००।०० |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट ब्यवसाय | ३,०००।०० |
| | संस्थागत पेन्टर | ५,०००।०० |
| **निर्माण व्यवसाय** | | |
| | स्वदेशी निर्माण व्यवसायी | ४,०००।०० |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १०,०००।०० |
| १ | **भवन निर्माण व्यवसाय** | |
| | मिक्सचर तथा सटरिङ सामान भएकोलाई | ३,५००।०० |
| | सटरिङ सामान मात्र भएको | २,५००।०० |
| | भवन निर्माण व्यवसायी | २,०००।०० |
| २ | **सटरिङ ब्यवसाय** | |
| | मिक्सचर तथा सटरिङ सामान भएको | २,५००।०० |
| | सटरिङ सामानमात्र भएको | २,०००।०० |
| | वाटर ड्रिलिङ | १,५००।०० |
| **उत्पादनमुलक उद्योग** | | |
| १ | **प्लाष्टिक उद्योग** | |
| | प्लाष्टिक उद्योग श्रेणी क | ३,०००।०० |
| | प्लाष्टिक थोक पसल | २,०००।०० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी क | १,५००।०० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी ख | १,२००।०० |
| २ | **चप्पल उद्योग** | |
| | चप्पल उद्योग श्रेणी क | ३,०००।०० |
| | चप्पल थोक बिक्री पसल | २,५००।०० |
| | चप्पल बिक्री खुद्रा बिक्री पसल श्रेणी क | २,०००।०० |
| | चप्पल बिक्री खुद्रा बिक्री पसल श्रेणी ख | १,५००।०० |
| ३ | **ग्रील उद्योग** | |
| | स्टील, आल्मुनियम ग्रील उद्योग | ३,०००।०० |
| | फलामको ग्रील उद्योग | २,५००।०० |
| ४ | **साबुन उद्योग तथा बिक्री पसल** | |
| | साबुन उद्योग श्रेणी क | ३,०००।०० |
| | साबुन उद्योग श्रेणी ख | २,५००।०० |
| | सावुन बिक्री पसल | १,०००।०० |

| | | |
|---|---|---|
| ५ | **जुत्ता उद्योग तथा विक्री पसल** | |
| | जुत्ता उद्योग तथा जुत्ताको शो रुम | ३,०००।०० |
| | जुत्ताको शो रुम तथा विक्री पसल | २,५००।०० |
| | जुत्ता मर्मत गर्ने | १,०००।०० |
| ६ | **पशुपालन तथा पशु आहार उद्योग** | |
| | पशु आहर उद्योग | ३,०००।०० |
| | पशु आहर बिक्री केन्द्र | १,५००।०० |
| | पशु पक्षी पालन उद्योग | १,५००।०० |
| ७ | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | १,०००।०० |
| | मैन बत्ती उद्योग | १,०००।०० |
| | टिकी उद्योग | ५००।०० |
| | अचार उद्योग | ५००।०० |
| | अन्य कुटिर उद्योग | ५००।०० |
| ८ | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| | कपडा उद्योग | ४,०००।०० |
| | गार्मेन्ट उद्योग | ३,०००।०० |
| | ज्याकेट तथा ब्याग उद्योग | २,५००।०० |
| | होजियारी तथा धागो उद्योग | २,०००।०० |
| | सिरक डस्ना उद्योग/पसल | १,५००।०० |
| | ढाका उद्योग श्रेणी क | १,५००।०० |
| | ढाका उद्योग श्रेणी ख | १,०००।०० |
| ८ | **छाता, सलाई उद्योग** | |
| | सलाई उद्योग श्रेणी क | ३,०००।०० |
| | सलाई उद्योग श्रेणी ख | २,०००।०० |
| | छाता उद्योग श्रेणी क | २,०००।०० |
| | छाता उद्योग श्रेणी ख | १,५००।०० |
| १० | **पेय पदार्थ उत्पादन उद्योग** | |
| | मिनरल वाटर उद्योग | ३,५००।०० |
| | पिउने पानी सप्लायर्स | २,५००।०० |
| | आइस बरफ उद्योग | २,०००।०० |
| | आइसक्रीम उद्योग | १,५००।०० |
| | सोडा उद्योग | १,०००।०० |





| | | |
|---|---|---|
| ११ | **भांडा उद्योग** | |
| | कांस, तामा, पित्तल, भाडा उद्योग | ३,०००।०० |
| | आल्मूनियम भाडा उद्योग | २,०००।०० |
| | प्लाष्टिक भाडा उद्योग | २,०००।०० |
| | टिनको वाकस, बाल्टी, स्टोभ | १,५००।०० |
| १२ | **कुटानी, पेलानी मिल** | |
| | फ्लावर मिल | ६,०००।०० |
| | सेलर मिल श्रेणी क | ६,०००।०० |
| | सेलर मिल श्रेणी ख | ४,०००।०० |
| | कुटानी, पेलानी मिल (हलर समेत) | १,०००।०० |
| | चिउरा मिल | ३,०००।०० |
| | मसला उद्योग | १,५००।०० |
| १३ | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा विक्री पसल | २,५००।०० |
| | डेरी विक्री खुद्रा पसल | १,५००।०० |
| १४ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी क | ४,०००।०० |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी ख | ३,०००।०० |
| | कन्फेक्सनरी उद्योग श्रेणी क | २,५००।०० |
| | कन्फेक्सनरी उद्योग श्रेणी ख | २,०००।०० |
| | विस्कुट उद्योग श्रेणी क | २,५००।०० |
| | विस्कुट उद्योग श्रेणी ख | २,०००।०० |
| | दालमोठ उद्योग | १,५००।०० |
| १५ | **रिकण्डिसन उद्योग** | |
| | फलाम कृषि औजार उद्योग | २,५००।०० |
| | कागज, प्लाष्टिक रि-कण्डिसन उद्योग | २,०००।०० |
| १६ | **उर्जा मुलक उद्योग** | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन कम्पनी | ५,०००।०० |
| | वायो ग्यांस उद्योग | ४,०००।०० |
| | सौर्यशक्ती उत्पादन उधोग | ३,०००।०० |
| | मर्मत संभार पार्ट बिक्री | २,०००।०० |
| १७ | **कृषी तथा बनजन्य उद्योग** | |
| | कृषी तथा पशुपंक्षी फर्म | ३,०००।०० |
| | समिल/प्लाइउड उद्योग | ५,०००।०० |

| | | |
|---|---|---|
| | काठ विक्री डिपो | ४,०००।०० |
| | काठको फर्निचर उद्योग/शो रुम | ३,०००।०० |
| | काठको फर्निचर शो रुम, | २,०००।०० |
| | बेतबांसको उद्योग/व्याम्बो शो रुम | १,५००।०० |
| १८ | **खनिज उद्योग** | |
| | कंक्रिट व्लक | ३,०००।०० |
| | सेनेटरी उद्योग तथा व्यवसाय | २,५००।०० |
| | क्रसर उद्योग/ईटा उद्योग | १०,०००।०० |
| १९ | **पर्यटन उद्योग** | |
| १९.१ | **होटल लज एण्ड रेष्टुरेण्ट** | |
| | पार्टी प्यालेस | ५,०००।०० |
| | होटल लज एण्ड रेष्टुरेण्ट | ५,०००।०० |
| | होटल एण्ड लज श्रेणी क | ४,०००।०० |
| | होटल एण्ड लज श्रेणी ख | ३,५००।०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी क | ३,५००।०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी ख | २,५००।०० |
| | दोहरी सांझ | २,०००।०० |
| | फास्टफुड तथा क्याफे | २,०००।०० |
| | रेष्टुरेण्ट | २,०००।०० |
| | होटल, भोजनालय | २,०००।०० |
| १९.२ | **मिष्ठान/क्याटरिङ पसल** | |
| | मिष्ठान/क्याटरिङ पसल | ३,५००।०० |
| | मिष्ठान पसल श्रेणी क | २,५००।०० |
| | मिष्ठान पसल श्रेणी ख | २,०००।०० |
| | क्याटरिङ | १,५००।०० |
| | चिया तथा कफी पसल | ७००।०० |
| | चिया पसल | ५००।०० |
| १९.३ | **टेण्ट हाउस** | |
| | विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेण्ट हाउस | ३,५००।०० |
| | विजुली डेकोरेशन सहितको टेण्ट हाउस | २,०००।०० |
| | टेण्ड हाउस | १,५००।०० |
| २० | **सेवा उद्योग** | |
| २०.१ | **छापाखाना** | |
| | अफसेट प्रेस | २,५००।०० |





| | | |
|---|---|---|
| | स्क्रिन प्रिन्ट प्रेस | २,०००।०० |
| | लेटर प्रिन्ट प्रेस | १,५००।०० |
| २०.२ | **सिनेमा हल** | |
| | सिनेमा हल | ४,०००।०० |
| | फिल्म डिस्ट्रिव्युटर्स | ३,०००।०० |
| २०.३ | **कलर ल्याव सेवा** | |
| | कलर ल्याव सेवा | ३,०००।०० |
| | भिडियो मिक्सिङ | २,५००।०० |
| | फोटो स्टुडियो सेवा | २,०००।०० |
| २१ | **संचार सेवा** | |
| | टेलिफोन, मोवाईल सेवा प्रदायक कम्पनीलाई | १०,०००।०० |
| | टि.भि. च्यानल प्रशारण सेवा | ५,०००।०० |
| | केबुल च्यानल प्रशारण सेवा | ५,०००।०० |
| | एफ.एम. प्रशारण सेवा | २,५००।०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १,५००।०० |
| २२ | **कम्युनिकेशन सेवा** | |
| | टुर एन्ड टाभल्स सेवा/बुकिङ काउन्टर सेवा | २,०००।०० |
| | फोटोकपि/पी.सी.ओ. साइवर क्याफे सेवा | १,५००।०० |
| | कुरियर सेवाको मुख्य कार्यालय | १,५००।०० |
| | कुरियर सेवाको शाखा कार्यालय | १,०००।०० |
| २३ | **बित्तीय सेवा** | |
| | बाणिज्य बैंक मुख्य कार्यालय | २०,०००।०० |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | १०,०००।०० |
| | बिकास बैंक मुख्य कार्यालय | २०,०००।०० |
| | विकास वैंक प्रति शाखा कार्यालय | १०,०००।०० |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | २०,०००।०० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ९,०००।०० |
| | लघुवित्त कम्पनीहरु | ५,०००।०० |
| | विमा कम्पनीहरु | ७,०००।०० |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर संस्थाको आधारमा | २,०००।०० |
| | वित्तीय सहकारी संस्था श्रेणी क | ५,०००।०० |
| | वित्तीय सहकारी संस्था श्रेणी ख | २,०००।०० |
| २४ | **स्वास्थ्य सेवा** | |
| | गैन्ह सरकारी अस्पताल | ४,०००।०० |

| | | |
|---|---|---|
| | नर्सिङ होम | ३,५००।०० |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | २,५००।०० |
| | पोली क्लिनिक | २,०००।०० |
| | प्याथोलोजी (दिशा, पिसाव, रगत, जांच) क्लिनिक | २,०००।०० |
| | अक्युपन्चर, फिजियो थेरापी, स्वास्थ्य क्लिनिक | १,५००।०० |
| | एक्सरे क्लिनिक | १,५००।०० |
| | चश्मा पसल | १,५००।०० |
| २५ | **शिक्षा सेवा** | |
| २५.१ | **निजी शिक्षालय** | |
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | ७,०००।०० |
| | माध्यमिक विद्यालय | ५,०००।०० |
| | निम्न माध्यमिक विद्यालय | ३,०००।०० |
| | प्राथमिक विद्यालय/मन्टेश्वरी तथा शिशु स्याहार केन्द्र | २,०००।०० |
| | छात्र/छात्रा वास | १,५००।०० |
| २५.२ | **इन्स्टिच्युट, तालिम तथा अनुसन्धान केन्द्र** | |
| | पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत | २,०००।०० |
| | नर्सिङ, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | २,०००।०० |
| | एजुकेशनल कन्सल्टेन्सी सेवा | १,५००।०० |
| | कम्प्युटर/ईलेक्ट्रो.तालिम केन्द्र | १,५००।०० |
| | सवारी चालक तालीम केन्द्र | १,५००।०० |
| | भाषा शिक्षा इन्स्टिच्यूट,कोचिङ सेन्टर | १,५००।०० |
| २६ | **अन्तर्राष्ट्रिय गैन्ह सरकारी संस्थाहरु** | |
| | अन्तर्राष्ट्रिय संस्था (ब्यवसायिक कारोबार गर्ने) | ३,०००।०० |
| | राष्ट्रिय संस्था | २,५००।०० |
| २७ | **मर्मत तथा संभार सेवा** | |
| २७.१ | **बोडी विल्डर्स सेक्सन तर्फ** | |
| | नयां बोडी बनाउने श्रेणी क | ५,०००।०० |
| | नयां बोडी बनाउने श्रेणी ख | ४,०००।०० |
| | बोडी मर्मत गर्ने | ३,०००।०० |
| २७.२ | **लेथ सेक्सन तर्फ** | |
| | लेथ सेक्सन श्रेणी क | ३,०००।०० |
| | लेथ सेक्सन श्रेणी ख | २,०००।०० |
| | लेथ सेक्सन श्रेणी ग | १,५००।०० |





| | | |
|---|---|---|
| २७.३ | **टायर सेक्सन तर्फ** | |
| | टायर डिलर शो रुम | २,५००।०० |
| | टायर रिसोलिङ श्रेणी क | २,०००।०० |
| | टायर रिसोलिङ श्रेणी ख | १,५००।०० |
| | टायर पन्चर मर्मत | १,०००।०० |
| २७.४ | **ईन्जिन मर्मत सेक्सन तर्फ** | |
| | ईन्जिन मर्मत श्रेणी क | ३,०००।०० |
| | ईन्जिन मर्मत श्रेणी ख | २,०००।०० |
| | ईन्जिन मर्मत श्रेणी ग | १,५००।०० |
| २७.५ | **पेन्टिङ/डेन्टिङ/वेल्डिङ सेक्सन तर्फ** | |
| | डेन्टिङ/पेन्टिङ/वेल्डिङ सेवा | २,०००।०० |
| | डेन्टिङ सेवा | १,५००।०० |
| | पेन्टिङ सेवा | १,५००।०० |
| | वेल्डिङ सेवा | १,५००।०० |
| २७.६ | **पम्प सेक्सन मर्मत तर्फ** | |
| | पम्प सेक्सन मर्मत श्रेणी क | २,५००।०० |
| | पम्प सेक्सन मर्मत श्रेणी ख | २,०००।०० |
| २७.७ | **ब्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | |
| | ब्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क | २,०००।०० |
| | ब्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख | १,५००।०० |
| २७.८ | **वासिङ सेक्सन तर्फ श्रेणी** | |
| | वासिङ सेक्सन श्रेणी क | २,०००।०० |
| | वासिङ सेक्सन श्रेणी ख | १,५००।० |
| २७.९ | **रिक्सा, साइकिल** | |
| | रिक्सा साइकिल बिक्री पसल | २,०००।०० |
| | रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल | १,५००।०० |
| २७.१० | **अटो सम्बन्धी अन्य सेवा** | |
| | मोटर साइकल मर्मत | २,५००।०० |
| | कमानी पट्टा मर्मत | १,५००।०० |
| | रेडियटर मर्मत | ८००।०० |
| | सिट मेकिंग तथा ग्रिसिङ सेवा | ८००।०० |
| | हेड मर्मत सेक्सन | ८००।०० |
| २७.११ | **अन्य मर्मत सेवा** | |
| | टि.भी., डेक, फ्रिज, कम्प्युटर, मर्मत पसल | २,०००।०० |

| | | |
|---|---|---|
| | मोर्वाइल मर्मत पसल | १,५००।०० |
| | रेडियो, घडी मर्मत पसल | ५००।०० |
| | अन्य मर्मत पसल | ५००।०० |
| २७.१२ | **हेभि इक्युवमेन्ट तथा कवार्ड पसल** | |
| | हेभि इक्युवमेन्ट खरीद/विक्री श्रेणी क | ५,०००।०० |
| | हेभि इक्युवमेन्ट खरीद/विक्री श्रेणी ख | ३,५००।०० |
| | अन्य कवार्ड खरिद विक्री | २,५००।०० |
| २८ | **अन्य सेवा** | |
| २८.१ | **वैदेशिक रोजगार सेवा परामर्श दाता** | |
| | वैदेशिक रोजगार सेवा परामर्श दाता | ४,०००।०० |
| | वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | ३,०००।०० |
| | सेवा परामर्श दाता | २,०००।०० |
| | श्रमिक सेवा परामर्श दाता | १,०००।०० |
| | सामान सहित श्रमिक सेवा परामर्श दाता | २,०००।०० |
| २८.२ | **ड्राइक्लिनिक, सैलुन तथा ब्यूटी पार्लर** | |
| | ब्यूटी पार्लर सेवा ब्यूटिशियन तालिम सहितको | २,०००।०० |
| | ब्यूटी पार्लर सेवा | १,५००।०० |
| | ब्यूटी पार्लर सेवा सामन्य खालको | १,०००।०० |
| | कालिगढ सहितको सैलुन सेवा | १,२००।०० |
| | सैलुन २ सीटसम्मको सैलुन सेवा | १,०००।०० |
| | साधारण सैलुन | १,०००।०० |
| | ड्राइक्लिनिक सेवा | १,०००।०० |
| २८.३ | **साईन वोर्ड आर्ट व्यवसाय** | |
| | डिजिटल आर्ट ब्यवसाय | २,०००।०० |
| | अन्य आर्ट ब्यवसाय | १,५००।०० |
| २८.४ | **पशु बधशाला** | |
| | पशु बधशाला | ३,०००।०० |
| | पशुको छाला संकलन तथा विक्री केन्द्र | २,०००।०० |
| २८.५ | **माछा, मासु विक्री पसल** | |
| | प्याकिङ माछा, मासु सप्लायर्स | ३,०००।०० |
| | माछा, मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | २,५००।०० |
| | माछा, मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | २,०००।०० |





| | | |
|---|---|---|
| | कुनै एक प्रकारको मासु बिक्री पसल | १,०००।०० |
| | ताजा माछा, सिद्रा बिक्री पसल | १,०००।०० |
| | अण्डा बिक्री पसल | १,५००।०० |
| २८.६ | **फूल बिरुवा विक्री पसल** | |
| | नर्सरी | १,०००।०० |
| | फूल विक्री पसल | ७५०।०० |
| २८.७ | **स्नूकर/पुल हाउस** | |
| | स्नूकर तथा पुल दुवै भएको | १,५००।०० |
| | स्नूकर | १,०००।०० |
| | पुल हाउस | १,०००।०० |
| २८.८ | **भांडा पसल, किचन सामाग्री** | |
| | भांडा तथा किचन सामाग्री थोक पसल | ३,०००।०० |
| | भांडा तथा किचन खुद्रा पसल क | २,०००।०० |
| | साधारण भांडा खुद्रा पसल ख | १,५००।०० |
| २८.९ | **खेलौना, गिफ्ट तथा फोटो फ्रेम पसल** | |
| | खेलौना तथा गिफ्ट पसल | १,५००।०० |
| | खेलौना पसल | १,२००।०० |
| | फोटो फ्रेम पसल | १,०००।०० |
| २८.१० | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई पसल श्रेणी क | १,५००।०० |
| | सिलाई पसल श्रेणी ख | १,०००।०० |
| | सिलाई पसल श्रेणी ग | ८००।०० |
| | सिलाई मेसिन मर्मत पसल | ८००।०० |
| | बुटिक ल्याब्रटोरी | ८००।०० |
| २८.११ | **संगीत तथा कला केन्द्र सेवा** | |
| | श्रेणी क | १,०००।०० |
| | श्रेणी ख | ८००।०० |
| २८.१२ | **घुम्ति हाट वजारमा ब्यावसाय गर्न तथा माथि उल्लेख नभएका ब्यसायिको हकमा** | |
| | फेन्सी तथा कपडा पसल | ८००।०० |
| | किराना बिसाता एवं भाडा पसल | ५००।०० |
| | अन्य प्रकृतीका तथा साना ब्यवसायहरु | ४००।०० |
| २८.१३ | **माथि उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| | ठूला उद्योग | १०,०००।०० |

| | | |
|---|---|---|
| | मझौला उद्योग | ५,०००।०० |
| | साना उद्योग, घरेलु | ३,०००।०० |
| २८.१४ | **माथि उल्लेख नभएका अन्य पेशा व्यवसाय** | |
| | सप्लायर्स/डिस्ट्रीबयुटर्स/थोक पसल | ३,५००।०० |
| | खुद्रा पसल श्रेणी क | २,५००।०० |
| | खुद्रा पसल श्रेणी ख | २,०००।०० |
| | खुद्रा पसल श्रेणी ग | १,५००।०० |
| | सेवा प्रदायक अन्य व्यवसाय | १,५००।०० |

## व्यवसाय दर्ता शुल्क (प्रथम पटकको लागि)

| क वर्ग | ख वर्ग | ग वर्ग |
|---|---|---|
| रु. ७००।०० | रु. ५००।०० | रु. ३००।०० |

नोट :

१. पुंजी लगानीको आधारमा रु. ३ लाख सम्मलाई "ग" वर्ग, १० लाख सम्मलाई "ख" वर्ग र सो भन्दा माथिलाई "क" वर्ग मानिनेछ।

२. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म लिने। व्यवसाय कर बक्यौतामा आगामी आ.व. देखी प्रकृति हेरी ५%देखी २५%सम्म जरीवाना लिने।

३. प्रत्येक वर्ष माथि तोकिए बमोजिम व्यवसाय कर तिरेर व्यवसाय नविकरण गर्नु पर्नेछ।

४. आ.व. २०७२/०७३ देखि कर निर्धारण गरिएकोले पुराना व्यवसायीहरुले कर तिर्न बाँकी भएमा सोही आधारमा लिइनेछ।

५. यसमा उल्लेखित व्यवसाय वाहेक नगरपालिकामा व्यवसायी र उद्योगीको सहमती अनुसार तिर्ने भनी व्यवस्था गरिएको रकममा नघटने गरी कर असुली गरिने व्यवस्था कायम गरिने छ। वातावरण प्रदुषण गर्ने उद्योगहरुको हकमा प्रदुषण नियन्त्रणार्थ उद्योगसँग आपसी सहमतीमा निश्चित रकम पर्यावरण शुल्क वापत असुल गरिनेछ।





अनुसूची-७

(दफा ७ सँग सम्बन्धित)

## जडिबुटी, कवाडी र जिवजन्तु कर

| सि.नं. | विवरण | ईकाइ | दर |
|---|---|---|---|
| १ | ठूला ट्रक/ट्रिपर | प्रति टिप | १०,०००।०० |
| २ | मझौला ट्रक/ट्रिपर | प्रति टिप | ७,०००।०० |
| ३ | ट्र्याक्टर तथा अन्य साना सवारी | प्रति टिप | ५,०००।०० |

**नोट :** वस्तु वर्गिकरण र करको दररेटको अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

अनुसूची-८

(दफा ८ सँग सम्बन्धित)

## विज्ञापन कर

| सि.न. | प्रकार | करको दर वार्षिक | कैफीयत |
|---|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. | रु. ५०।०० | |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फि. | रु. ५।०० | |
| ३ | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु. ३,०००।०० | |





अनुसूची-९

(दफा ९ सँग सम्बन्धित)

## मनोरन्जन कर

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | सिनेमाहलको लागि वार्षिक | रु. ५०,०००।०० |
| २ | केबल व्यवसाय वार्षिक | रु. ५०००।०० |
| ३ | सर्कस देखाउनेलाई दैनिक | रु. ३००।०० |
| ४ | विशेष मेला/महोत्सवमा राखिने मनोरञ्जनका साधनहरुलाई अनुमती दिंदा प्रकृती हेरी प्रति आईटम दैनिक रु. ५००।०० वा एकमुष्ट रु. २,०००।०० देखि रु. ५,०००।०० का दरले अग्रिम बुझाउनु पर्नेछ। | |

# अनुसूची-१०

(दफा १० सँग सम्बन्धित)

## पार्किङ्ग शुल्क

नगरपालिकाले आफुले व्यवस्था गरेको सवारी पार्किङ्ग स्थलमा एक पटकमा निम्नानुसार पटके पार्किङ्ग शुल्क लाग्नेछ।

| सि.नं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | वस, ट्रक, मिनिवस, ट्रयाक्टर | रु. ३०।०० | |
| २ | हल्का सवारी साधनमा | रु. १५।०० | |
| ३ | मोटर साईकल | रु. १०।०० | |

नोट : तिन घण्टा भन्दा बढी समय सम्म पार्किङ्ग गरेमा प्रतिघण्टा पटके शुल्कको आधा रकमको दरले थप शुल्क लाग्नेछ।





# अनुसूची-११

(दफा ११ सँग सम्बन्धित)

## सेवा शुल्क, दस्तुर

| सि.न. | विवरण | रकम रु. |
|---|---|---|
| १ | **अचल सम्पति मूल्याङ्कन** | |
| १.१ | ५ लाख सम्मको लागि | २००।०० |
| १.२ | ५ लाख १ देखि १० लाखसम्मको लागि | ३००।०० |
| १.३ | १० लाख १ देखि २० लाखसम्मको लागि | ५००।०० |
| १.४ | २० लाख १ देखि ३५ लाखसम्मको लागि | १,०००।०० |
| १.५ | ३५ लाख १ देखि ५० लाखसम्मको लागि | १,५००।०० |
| १.६ | ५० लाख १ देखि ७५ लाखसम्मको लागि | २,०००।०० |
| १.७ | ५० लाख १ देखि १ करोडसम्मको लागि | ३,०००।०० |
| १.८ | सो भन्दा माथिको लागि प्रति लाख | ५०।०० |
| | वैदेशिक अध्ययन प्रयोजनका लागि लाग्ने रु.१ करोड भन्दा माथिको शुल्कमा ५० प्रतिशत छुट दिईनेछ। | |
| २ | **आय श्रोत प्रमाणित** | |
| २.१ | २ लाख सम्म | २००।०० |
| २.२ | २ लाख १ देखि १० लाखसम्म | ५००।०० |
| २.३ | १० लाख १ देखि २० लाखसम्मका | ७००।०० |
| २.४ | २० लाख १ देखि ५० लाखसम्म | १,०००।०० |
| २.५ | ५० लाख १ देखि ७५ लाखसम्म | १,२००।०० |
| २.६ | ७५ लाख १ देखि १ करोडसम्म | १,५००।०० |
| २.७ | सो भन्दा माथि | २,०००।०० |
| ३ | **सार्वजनिक शौचालय उपयोग सेवा शुल्क (प्रति पटक)** | |
| ३.१ | पिसाब गर्दा प्रति व्यक्ति | ३।०० |
| ३.२ | दिशा गर्दा प्रति व्यक्ति | ५।०० |
| ३.३ | नुहाउँदा प्रति व्यक्ति | १०।०० |

| | | |
|---|---|---|
| ४ | **सिफारिस दस्तुरहरु** | |
| १ | **घरबाटो तथा चौहद्दी प्रमाणित** | |
| | बाटो भएको | रु. ३००।०० थप प्रति कित्ता रु. ५०।०० |
| | बाटो नभएको | रु. २००।०० थप प्रति कित्ता रु. ५०।०० |
| २ | नागरिकता प्रमाणत्रको सिफारिस | रु. ५०।०० बंशज |
| | | रु. २००।०० अंगिकृत |
| | | रु. १००।०० प्रतिलिपी सिफारिस |
| ३ | जग्गा नामसारी सिफारिस | रु. ३००।०० |
| ४ | नाम,थर संशोधन सिफारिस | रु. १००।०० |
| ५ | घर कायम सिफारिस (पक्की घर) | रु. १,०००।०० |
| ६ | घर कायम सिफारिस (कच्ची घर) | रु. ३००।०० |
| ७ | घर नक्सा नामसारी पक्की दुई तल्ला भन्दा बढीको लागि | रु. १,५००।०० |
| ८ | पक्की घर १ तले नक्सा नामसारी | रु. १,०००।०० |
| ९ | कच्ची घर (ढुंगा माटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | रु. ५००।०० |
| १० | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | रु. २००।०० |
| ११ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क/प्रतिलिपी दस्तुर | रु. ५०।०० |
| १२ | **विद्युत जडानको सिफारिस दस्तुर** | |
| | आवासिय/कृषि प्रयोजन | रु. १००।०० |
| | व्यापारिक प्रयोजनको लागि | रु. ५००।०० |
| | ३ फेज लाईन जडान सिफारिस | रु. १,०००।०० |
| १३ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | रु. १००।०० |





| | | |
|---|---|---|
| १४ | बैदेशिक रोजगारको लागि सिफारिस | रु. २००।०० |
| १५ | परिवार ल्याएको/लगेको सिफारिस | रु. ३००।०० |
| १६ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | रु. ५००।०० |
| १७ | **नाता प्रमाणित दस्तुर** | |
| | मृतक संग | रु. १००।०० |
| | अन्य | रु. २००।०० |
| १८ | वसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | रु. १,०००।०० |
| १९ | वसोवास प्रमाणित (स्वेदेशी प्रयोजन) | रु. २००।०० |
| २० | नाफामुलक संस्था दर्ता/नविकरण सिफारिस | रु. ५००।०० |
| २१ | सेवामुलक संस्था दर्ता/स्वेदेशी प्रयोजन | रु. ३००।०० |
| २२ | निजी विद्यालय सञ्चालनको सिफारिस | रु. ३,०००।०० |
| २३ | निजी विद्यालय कक्षा थप/स्तरबृद्धिको सिफारिस | रु. १,०००।०० |
| २४ | मोही नामसारी सिफारिस | रु. २००।०० |
| २५ | ठूला उद्योग स्थापनाको सिफारिस | रु. १०,०००।०० |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | रु. ५,०००।०० |
| २७ | **साना तथा घरेलु उद्योग स्थापनाको सिफारिस** | |
| | साना उद्योग | रु. १,०००।०० |
| | घरेलु उद्योग | रु. ५००।०० |
| २८ | नेपाली पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु. १,०००।०० |
| २९ | भारतीय पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु. १,५००।०० |
| ३० | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | रु. ५,०००।०० |
| ३१ | अपुताली सिफारिस (नेपालको लागि) | रु. ५,०००।०० |
| ३२ | अपुताली सिफारिस (विदेशको लागि) | रु. १५,०००।०० |
| ३३ | जन्म, मृत्यु, विवाह, प्रमाणित तथा सिफारिस | रु. १००।०० |
| ३४ | उल्लेखित बाहेकका अन्य प्रमाणित तथा सिफारिस | रु. १००।०० |
| ३५ | अंग्रेजी सिफारिस प्रति आइटम | रु. ३००।०० |

| | | |
|---|---|---|
| ३६ | **रुख कटान सिफारिस** | |
| | ५० बोट सम्म | रु. २००।०० |
| | १०० वोट सम्म | रु. ५००।०० |
| | ५०० बोट सम्म | रु. १,५००।०० |
| | १००० वोट सम्म | रु. २,५००।०० |
| | १००० भन्दा वढिको लागि | रु. ५,०००।०० |
| ३७ | सबै लक्षितबर्ग प्रमाणित तथा सिफारिसहरु | रु. ५०।०० |
| ३८ | टिकट दस्तुर | रु. १०।०० (टिकट नभएमा मात्र) |
| ३९ | छुट जग्गा दर्ता सिफारिस | १ कठ्ठासम्म रु. ५००।०० सोभन्दा वढी प्रति कठ्ठा रु. १००।०० |
| ४० | ट्रान्सफरमर जडान/ठाउँसारी सिफारिस | रु १,०००।०० |
| ४१ | भारत प्रवेशाज्ञा सिफारिस | रु २००।०० |

उल्लेखित सिफारिश दस्तुरमा अति विपन्न र दलित समुदायलाई ५० प्रतिशत छुट दिइनेछ ।





## अनुसूची-१२

(दफा १२ सँग सम्बन्धित)

## ढुङ्गा, गिट्टी, वालुवा निकासी लगायतको प्राकृतिक स्रोत कर

साविक जिल्ला विकास समितिको कार्यालय सर्लाही मार्फत यस नगरपालिका क्षेत्रको फूलजोर तथा बाँके खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्यांकन (EIA) को प्रतिवेदनको आधारामा निकालिने ढुङ्गा, गिट्टी, वालुवा लगायतको प्राकृतिक स्रोत उत्खनन् र निकासीमा प्रति CFT अधिकतम रु. ४।०० देखि रु. ५।३५ सम्म प्राकृतिक स्रोत कर लाग्नेछ ।

## अनुसूची-१३

(दफा १३ सँग सम्बन्धित)

### जग्गा प्लटिङ्ग शुल्क

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | ५ कठ्ठा सम्म | रु. ३,०००।०० |
| २ | १० कठ्ठा सम्म | रु. ५,०००।०० |
| ३ | सो भन्दा माथि थप प्रति कठ्ठा | रु. ३००।०० |

नोट :

१. नगरपालिकाको स्वीकृती बिना जग्गा प्लटिङ्ग गर्नेलाई रु. १ लाखसम्म जरिवाना गरिनेछ ।

२. जग्गा प्लटिङ्ग गर्दा कम्तीमा ८ मिटर चौडा सडकसँग जोडिने बसोबास योग्य जग्गामा कम्तीमा ६ मिटिर चौडा सडक खोली नाला/ढल, विद्युतिकरण लगायतका पूर्वाधारहरुको व्यवस्था प्लटिङ्ग गर्ने व्यक्ति वा संस्थाले नै गर्नु पर्नेछ ।

३. जग्गा प्लटिङ्ग सम्बन्धमा केन्द्र तथा प्रदेश सरकारले दिएको निर्देशन र ऐन कानून विपरित हुने गरी जग्गा प्लटिङ्ग गर्न पाईने छैन ।



खण्ड १) अतिरिक्ताङ्क १ स्थानीय राजपत्र भाग २ मिति २०७४।०९।२३

## अनुसूची-१४

(दफा १४ सँग सम्बन्धित)

### घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | व्यापारीक क्षेत्र प्रति वर्ग फिट रु. | आवाशिय क्षेत्र प्रति वर्गफिट रु. |
|---|---|---|---|
| | | २०७४/०७५ | २०७४/०७५ |
| १ | **आर.सी.सी. फ्रेम स्ट्रक्चर** | | |
| | भूई तल्ला | १।५० | १।०० |
| | प्रथम तल्ला | २।०० | १।५० |
| | दोस्रो तल्ला तथा सो भन्दा माथि | २।५० | २।०० |
| २ | **ईटा, ढुङ्गा, ब्लक, ट्रेस टिन / टायलको छाना** | | |
| | भुई तल्ला | १।०० | ०।७५ |
| | प्रथम तल्ला | १।२५ | १।०० |
| | दोस्रो तल्ला तथा सो भन्दा माथि | १।५० | १।५० |
| ३ | कम्पाउण्ड वाल | १।०० | ०।५० |
| ४ | पुरानो घर अभिलेखीकरण प्रमाणपत्र | एक तला पक्की घर रु. ५००।००<br>दुई वा सो भन्दा बढी तला पक्की घर रु. १,०००।००<br>कच्ची घर कच्ची रु. २००।०० | |

**नोटः** पुरानो घरको नक्सा पास/अभिलेखीकरण गर्नु पर्दा उपरोक्त अनुसार लाग्ने दस्तुर लिईनेछ ।

अनुसूची-१५

(दफा १५ सँग सम्बन्धित)

## सरसफाई शुल्क

| सि.नं. | विवरण |
|---|---|
| **१** | **घरको आधारमा लाग्ने** |
| १.१ | एकतला घरको मासिक रु. ६०।०० वा वार्षिक रु. ६००।०० सरसफाई शुल्क लिने । |
| १.२ | दुईतला घरको मासिक रु. १००।०० वा वार्षिक रु. १,०००।०० |
| १.३ | तिनतला घरको मासिक रु. १५०।०० वा वार्षिक रु. १,५००।०० |
| **२** | **व्यवसायमा लाग्ने** |
| २.१ | उद्योग, रिसोर्ट, ग्यारेज, अटो वर्कसप, निजी अस्पताल, नरसिङ्ग होम मासिक रु. ५००।०० वा बार्षिक रु. ५,०००।०० |
| २.२ | क, ख र ग श्रेणीको होटलको क्रमशः मासिक रु. २५०।००, रु. १५०।००, रु. १००।०० वा बार्षिक क्रमशः रु. २,५००।००, १,५००।००, रु. १,०००।०० |
| २.३ | थोक पसल, डिलर आदिमा मासिक रु. १५०।०० बार्षिक रु. १,५००।०० |
| २.४ | मध्यम स्तरका पसल, व्यवसाय आदीमा मासिक रु. १००।०० वा बार्षिक रु. १,०००।०० |
| २.५ | निम्न स्तरका व्यापार, व्यवसाय आदीमा मासिक रु. ५०।०० बार्षिक रु. ५००।०० |
| २.६ | उद्योगहरु, गल्ला गट्टी, मील र अन्य उद्योग-कपास पाउरोटी, कवाडी आदीमा मासिक रु. १५०।०० वा बार्षिक रु. १,५००।०० |
| २.७ | गल्ला गट्टी, मील र अन्य उद्योग-कपास पाउरोटी कवाडी आदीमा मासिक रु. १५०।०० वा बार्षिक रु. १,५००।०० |
| २.८ | गाडीका अटो सो-रुम, ग्यारेज वर्कसपका लागि मासिक रु. ३००।०० वा बार्षिक रु. ३,०००।०० |
| २.९ | यस बाहेक अन्य उद्योग, प्रतिष्ठान, व्यापारिक भवन, विद्यालय, महाविद्यालय लगायतका अन्य सेवा प्रदायक संस्थाहरुको सेवा शुल्क नगरपालिकाको समन्वयमा सम्बन्धित संस्था तथा निकाय र साझेदार संस्थाविच आपसी छलफल तथा सहमतीको आधारमा निर्धारण गरिने छ । |





अनुसूची-१६

(दफा १६ सँग सम्बन्धित)

## भाडा दस्तुर

### क. नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडा दर

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर | ५००।०० | |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ७००।०० | |
| ३ | ह्वाइट र सफ्ट बोर्ड प्रति सेट | २००।०० | |
| ४ | नगरपालिकाको सभाहल | १,०००।०० | |
| ५ | लेबल मेसिन प्रतिदिन | ५००।०० | |

### ख. एक्साभेटर/ट्रेक्टर/टिपर भाडा महशुल

| सि.नं. | विवरण | प्रति घन्टा रु. | प्रति सिट रु. | कैफियत |
|---|---|---|---|---|
| **उपभोक्ता समितिको हकमा** | | | | |
| १ | एक्साभेटर | १,०००।०० | ७,०००।०० | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबुक भरेका आधारमा लागू हुनेछ । न.पा.को काममा उपभोक्ताबाट प्रयोग हुदां १० घन्टाको एक सिफ्ट हुनेछ । साधन प्रयोग गर्दा लाग्ने इन्धन, ढुवानी भाडा तथा अपरेटर र हेल्परको खुराकी खर्चको व्यवस्था भाडामा लैजानेले नै मिलाउनु पर्नेछ । |
| २ | ट्रेक्टर | २००।०० | १,५००।०० | |
| ३ | टिपर | ४००।०० | ३,०००।०० | |
| **सर्वसाधरण तथा व्यक्तिगत प्रयोजनको हकमा** | | | | |
| १ | एक्साभेटर | १,७००।०० | | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबूक भरेका आधारमा लागू हुनेछ । ढुवानी भाडा तथा अपरेटर र हेल्परको खुराकी खर्चको व्यवस्था भाडामा लैजानेले नै मिलाउनु पर्नेछ । |
| २ | ट्रेक्टर | ३५०।०० | | |
| ३ | टिपर | ७००।०० | | |

ग. ईश्वरपुर बजारमा रहेको नगरपालिकाको सटर तथा पसल भाडा दर रेट

| क्र.सं. | सटर भाडामा लिनेको नाम | पसल संख्या | साविकको मासिक भाडा दर रु. | २०७४ माघ १ देखि लागू हुने भाडा दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | विहानी फोटो स्टुडियो | १ | १,५००।०० | २,०००।०० | |
| २ | अर्जुन कुमार महतो | १ | ४००।०० | ६००।०० | |
| ३ | विजय फलाम पसल | ३ | ३,६००।०० | ५,०००।०० | |
| ४ | प्रमोद बानिया | १ | १,७००।०० | २,२००।०० | |
| ५ | फरमान अन्सारी | १ | १,५००।०० | २,०००।०० | |
| ६ | चुन्नी महतो | १ | ५,०००।०० | ५,५००।०० | |
| ७ | श्याम सुन्दर साह | १ | २,०००।०० | २,५००।०० | |
| ८ | राजु वर्णमाला | १ | १,५००।०० | २,०००।०० | |
| ९ | विजय फेन्सी पसल | १ | १,५००।०० | २,०००।०० | |
| १० | सन्तोष झा | २ | ४,०००।०० | ५,०००।०० | |
| ११ | चन्द्र किशोर साह | १ | २,५००।०० | ३,०००।०० | |
| १२ | सम्भु साह | १ | १,५००।०० | २,०००।०० | |
| १३ | जनार्दन चौधरी | १ | १,०००।०० | १,५००।०० | |
| १४ | राम बहादुर सुर्खेती | १ | २,०००।०० | २,५००।०० | |
| १५ | शुसिल शर्मा | १ | १,५००।०० | २,०००।०० | |
| १६ | जितेन्द शर्मा | १ | १,५००।०० | २,०००।०० | |
| १७ | कृष्ण साह | १ | ५,०००।०० | ५,५००।०० | |
| १८ | दोस्रो तलाको नयां सटर भाडा | १० | | १५,०००।०० | |
| जम्मा | | | **३७,७००।००** | **६२,३००।००** | |





## अनुसूची-१७

(दफा १७ सँग सम्बन्धित)

## दण्ड जरिवाना

| | |
|---|---|
| १ | नगरपालिकाले तोकेको नियम, कानून र निर्देशन वितरित कार्य गर्ने व्यक्ति तथा संस्थालाई नगर कार्यपालिकाको निर्णय बमोजिमको दण्ड जरिवाना लाग्नेछ । |
| २ | प्रचलित कानूनमा तोकेको दण्ड जरिवाना सोही अनुसार हुनेछ । |

अनुसूची-१८

(दफा १८ सँग सम्बन्धित)

## अन्य कर तथा सेवा शुल्क

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | घर नक्सा पास पुस्तिका | रु. ३००।०० |
| २ | सर्जमिन मुचुल्का | कामको प्रकृति हेरी रु. २००।०० देखि रु. ५००।०० सम्म |
| ३ | न्यायिक समितिमा आउने उजुरी दर्ता | रु. १००।०० |
| ४ | रकम कलम उठाई दिए वापत प्रति हजार | रु. ५।०० |
| ५ | नगरपालिका हल भाडा प्रति दिन | रु. १,०००।०० |
| ६ | सबै खाले निवेदन फारमहरु प्रति गोटा | रु. १०।०० |
| ७ | हरेक निवेदनको दर्ता शुल्क प्रति गोटा | रु. १०।०० |
| ८ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु. २५०।०० / रु. २५०।०० |
| ९ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु. १००।०० |
| १० | नगरपालिकाको श्रोत नक्सा ब्घ साइज प्रति गोटा | रु. ५०।०० |
| ११ | विभिन्न नक्सा ठूलो साइजको प्रतिगोटा | रु. २००।०० |





| | | |
|---|---|---|
| १२ | विभिन्न नक्सा सानो साइजको प्रति गोटा | रु. १००।०० |
| १३ | टो.वि.स.दर्ता शुल्क/नविकरण | रु. ५०।०० |
| १४ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु. १००।०० |
| १५ | स्थलगत प्राविधिक सेवा शुल्क | रु. ५००।०० |
| १६ | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | रु. १,०००।०० |
| १७ | घर खालि गर्ने | रु. ५००।०० |
| १८ | साँध सिमाना छुट्याउने पहिलो कित्ताको लागि | रु. ५००।०० |
| | त्यसपछि ५ कट्ठा सम्म क्षेत्रफल भएको थप प्रति कित्ता | रु. २००।०० |
| | ५ कट्ठा भन्दा बढी क्षेत्रफल भएको थप प्रति कित्ता | रु. ४००।०० |

**२. हाट बजार सेवा शुल्क**

**क. गोरु बजार**

| सि.नं. | विवरण | रेट |
|---|---|---|
| १ | बाच्छा, बाच्छी, पाडा, पाडी प्रतिगोटा किन्नेसँग | १७५।०० |
| २ | बाच्छा, बाच्छी, पाडा, पाडी प्रतिगोटा बेच्नेसँग | १७५।०० |
| ३ | गाई, गोरु, राँगा, भैंसी प्रतिगोटा किन्नेसँग | १७५।०० |
| ४ | गाई, गोरु, राँगा, भैंसी प्रतिगोटा बेच्नेसँग | १७५।०० |
| ५ | दुहुना गाई, भैंसी प्रति जोडी किन्नेसँग | २००।०० |
| ६ | दुहुना गाई, भैंसी प्रति जोडी बेच्नेसँग | २००।०० |
| ७ | खसी, बोका, बाख्रा प्रति गोटा किन्नेसँग | ३०।०० |
| ८ | खसी, बोका, बाख्रा प्रति गोटा बेच्नेसँग | ३०।०० |

## ख. गुदरी बजार

| सि.नं. | विवरण | रेट |
|---|---|---|
| १ | खसी काटी मासु बेच्ने प्रति गोटा | रु. ४०।०० |
| २ | माछा प्रति हण्डी | रु. ४०।०० |
| ३ | कुखुरा परेवा प्रति जोडा | रु. १०।०० |
| ४ | लेथ मेसिन | रु. ५०।०० |
| ५ | बिजुलीबाट चल्ने सेलर | रु. ५०।०० |
| ६ | माछा मासु पकाउनेसँग | रु. २०।०० |
| ७ | तेल, घिउ, मसला | रु. २०।०० |
| ८ | कपडा पसल | रु. २०।०० |
| ९ | रेडिमेट कपडा पसल | रु. २०।०० |
| १० | चप्पल पसल | रु. २०।०० |
| ११ | खुजुरा चिउरा छिटिमा बेच्नेसँग | रु. १०।०० |
| १२ | खुजुरा दाल बेच्नेसँग | रु. २०।०० |
| १३ | खुजुरा चामल | रु. २०।०० |
| १४ | तरकारी प्रति गाडा | रु. २००।०० |
| १५ | खुजुरा पिठो बेच्नेसँग | रु. २०।०० |
| १६ | हजाम, चमार तथा छाता लाईटर बनाउनेसँग | रु. १०।०० |
| १७ | रेडियो घडी मर्मत | रु. २०।०० |
| १८ | लुगा सिलाउनेसँग | रु. १०।०० |
| १९ | सुकेको सिद्रा बेच्नेसँग | रु. २०।०० |
| २० | निबुवा, सुन्तला, अदुवा, खुर्सानी | रु. २०।०० |
| २१ | आँप, लिच्ची, कटहर | रु. १०।०० |
| २२ | अलुवा, प्याज प्रति टायर | रु. ३०।०० |
| २३ | चामल, दाल, आलु, प्याज प्रति बोरा | रु. ३।०० |
| २४ | किराना पसल | रु. २०।०० |
| २५ | परचुन पसल | रु. २०।०० |
| २६ | मिठ्ठा प्रति चक्की | रु. ५।०० |
| २७ | मिठ्ठा पसल | रु. १०।०० |





| | | |
|---|---|---|
| २८ | सुर्ति पसल | रु. १०।०० |
| २९ | जडिबुटी पसल | रु. १०।०० |
| ३० | भाडा पसल | रु. २०।०० |
| ३१ | सर्वत पसल | रु. १५।०० |
| ३२ | चिया पसल | रु. २०।०० |
| ३३ | मुरी, कचडी, मिठाई खुल्ला | रु. २०।०० |
| ३४ | डोरी, नाम्लो खुल्ला | रु. २०।०० |
| ३५ | बरफ बेच्नेसँग | रु. १०।०० |
| ३६ | खेला जादुवालासँग | रु. ४०।०० |
| ३७ | तरकारी बिउ पसल | रु. २०।०० |
| ३८ | किटनाशक औषधी पसल | रु. २०।०० |
| ३९ | माटोको भाडा | रु. २०।०० |
| ४० | जमुना, कुसुम, अम्बा बेच्नेसँग | रु. १०।०० |
| ४१ | होटल मासु भात पसल | रु. ३०।०० |
| ४२ | अन्न बिक्री खुल्ला | रु. २५।०० |
| ४३ | गुण्डा ढुटो प्रति बोरा | रु. २०।०० |
| ४४ | आलु, प्याज बिक्री थोक | रु. २०।०० |
| ४५ | आलु, प्याज बिक्री खुल्ला | रु. २०।०० |
| ४६ | मिठाई पसल | रु. २०।०० |
| ४७ | गुन्द्री, चटाई प्रति गोटा | रु. ५।०० |
| ४८ | पान पसल | रु. २०।०० |
| ४९ | मदिरा पसल | रु. २०।०० |
| ५० | अलुवा प्रति पसल | रु. १०।०० |
| ५१ | चिठ्ठा बिक्री पसल | रु. ७५।०० |
| ५२ | किराना पसल बेच्ने | रु. २०।०० |
| ५३ | कुखुरा मासु बेच्ने | रु. २०।०० |
| ५४ | खाली छिटी प्रति गोटा | रु. ७।०० |
| ५५ | तरकारी प्रति टायर | रु. १००।०० |
| ५६ | मसलाको विरुवा प्रति गोटा | रु. २।०० |
| ५७ | हार्डवेयर प्रति स्टल | रु. २०।०० |
| ५८ | साईकल मर्मत | रु. २०।०० |
| ५९ | मेडिकल | रु. २०।०० |

## ग. गोलभेडा, तरकारी तथा फलफूल निकासीको दर

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | भाँगा ठूलो प्रति भाँगा | रु. ६०।०० |
| २ | भाँगा सानो प्रति भाँगा | रु. ३०।०० |
| ३ | टोकरी ठूलो प्रति टोकरी | रु. २५।०० |
| ४ | टोकरी सानो प्रति टोकरी | रु. १५।०० |
| ५ | प्लाष्टिक क्रेट ठूलो क्रेट | रु. १५।०० |
| ६ | प्लाष्टिक क्रेट सानो क्रेट | रु. १०।०० |
| ७ | कागज सुतरी | रु. ५०।०० |

## ३. स्थानीय पूर्वाधार मर्मत सम्भार शुल्क :

| सि.नं. | विवरण | प्रति पटक शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रयाक्टर | १००।०० | उल्लेखित शुल्कका अतिरिक्त सवारी कर तोकिए वमोजिम लाग्नेछ । साथै लाग्ने कर शुल्क नतिरी छलेको फेला परेमा दोव्वर लिइनेछ। |
| २ | ट्रक, ट्रिपर, डोजर, स्काभेटर | २००।०० | |
| ३ | जिप, कार, मिनिबस, मिनिट्रक, स्याजिक, माइक्रो बस | ५०।०० | |





अनुसूची-१९

(दफा २० सँग सम्बन्धित)

## बजार तथा अन्य ठेक्काहरुको न्यूनत्तम दर रेट

| क्र.सं. | ठेक्का विवरण | स्थान | न्यूनतम ठेक अङ्क रु. |
|---|---|---|---|
| १ | महेन्द्र बजार गोरु बजार | ईश्वरपुर-६ | ३,०४६,०००।०० |
| २ | महेन्द्र बजार पाडा काटमार | ईश्वरपुर-६ | १४६,५००।०० |
| ३ | महेन्द्र बजारको बाखा बजार | ईश्वरपुर-६ | ३९१,०००।०० |
| ४ | महेन्द्र बजारको सुँगुर बजार | ईश्वरपुर-६ | ७९,१००।०० |
| ५ | महेन्द्र बजारको गुद्री बजार | ईश्वरपूर-ट | ४०६,०००।०० |
| ६ | ईश्वरपुर-८, गुद्री बजार | ईश्वरपुर-८ | ९,०००।०० |
| ७ | खैरा बजार ठेक्का | ईश्वरपुर-१० | ११,०००।०० |
| ८ | चौलिखा बजार | ईश्वरपुर-१ | ६४,०००।०० |
| ९ | महारानी बजार | ईश्वरपुर-१३ | ६१,५००।०० |
| १० | स्थानीय पूर्वाधार मर्मत संभार शुल्क (पटके) | ईश्वरपुर नगर क्षेत्र | ५००,०००।०० |
| ११ | फूलजोर खोलाको ढुङ्गा, गिट्टी, वालुवा निकासी | ईश्वरपुर नगर क्षेत्र | ५००,०००।०० |
| | **जम्मा** | | **५,२१४,१००।००** |

आज्ञाले,<br>
होम बहादुर थापा<br>
ईश्वरपुर नगर कार्यपालिकाको कार्यालयको<br>
प्रमुख प्रशासकीय अधिकृत